## मिति २०७४/०९/२८ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

**निर्णय नं १**

गाउँसभाको सिफारिस बमोजिम नेपाल सरकारको नेपाल राजपत्र खण्ड ६७ संख्या ४९ भाग ५ मिति २०७४ पुस २४ गते सुचना प्रकाशित गरि ढोरचौर गाउँपालिकाको नाम परिवर्तन गरि सिद्ध कुमाख गाउँपालिका र केन्द्र हेरफेर गरि ढोरचौर कायम गरेको निर्णयको सर्वसम्मत स्वागत गर्ने निर्णय गरियो।

**निर्णय नं २**

यस गाउँपालिकामा कार्यरत सामाजिक परिचालकको सेवा करार अवधि मिति २०७४।०९।१६ गते समाप्त भइसकेको र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामाजिक परिचालन तथा गै स स समन्वय शाखाको च नं २५ मिति २०७४।०९।१४ को परिपत्रको बुदा नं ४ अनुसार विगतमा उत्कृष्ट कार्यसम्पादन भएकासामाजिक परिचालकलाई स्रोत ब्यबस्थापन गरि स्थानीय तहले निरन्तरता दिन सक्ने भन्ने उल्लेख भएको छ।सो सन्दर्भमा यस गाउँ कार्यपालिकाले निर्धारण गरेको मूल्याङ्कन मापदण्डका आधारमा उत्कृषट कार्यसम्पादन हुने १ (एक) जना सामाजिक परिचालकलाई मात्र योजना ब्यबस्थापन (कन्टिन्जेन्सी) खर्चबाट साविकको तलब सुविधा पाउने गरि मिति २०७४ असार मसान्त सम्मको लागि सेवा करारको म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

यस गाउँकार्यपालिकामा प्राविधिक जनशक्तिको (ईन्जिनियर ओभरसियर तथा सवओभरसियर) अभाव भएकोले गाउँसभाबाट स्वीकृत योजनाहरुको लागत स्टिमेट तथा सर्भे डिजाइन हुन नसकी योजनाहरुको कार्यान्वयन तथा सन्चालनमा हुन नसक्ने स्थिति देखिएको छ।विकास निर्माणको कामलाई तिव्रता दिई समयमै योजनाहरु सम्पन्न गर्न नेपाल सरकारको प्रचलित स्केल बमोजिम तलब र अन्य सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने गरि खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा २ (दुई) जना सव ओभरसियर नियुक्ती गर्ने सर्वसम्मतले निर्णय गरियो।

**निर्णय नं ४**

स्वास्थ्य चौकी चाँदेकरेन्जी र स्वास्थ्य चौकी बाँझकाँडामा बर्थिङ्ग सेन्टर संचालनको लागि ससर्त अन्तर्गतको सम्बन्धित शिर्सक बाट मासिक १५००० पन्ध्र हजार तलब खाने र अन्य सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेगरी खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा दई जना अ न मी नियुक्ती गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा दैनिक ज्यालादारीमा काम गर्ने गरि नियुक्ती गरेका कार्यालय सहयोगीहरुको स्थानमा एक एक जना र गाउँकार्यपालिकाको कार्यपालिकाको कार्यालयको लागि थप एक जना गरि जम्मा चार जना कार्यालय सहयोगी मासिक तलब रु १३००० (तेह्र हजार) र अन्य सुविधा करार सम्झौता बमोजिम हुने गरि खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा नियुक्ती गर्ने सर्वसम्मतले निर्णय गरियो।

त्यसैगरी स्वास्थ्य चौकी शिद्धेश्वरीको लागि स्वास्थ्य तर्फको ससर्त अनुदान अनर्गत ब शि नं ३७००१४ को अन्य सुल्क शिर्सकबाट मासिक रु १३००० (तेह्र हजार) तलब खाने र अन्य सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने गरि खुला प्रतिस्पर्धा मार्फत एकजना कार्यालय सहयोगी सेवा करारमा नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो तथा चुस्तरुपमा संचालन गर्न आ व २०७४।७५ मा सवारी साधान शिर्सकमा बिनियोजन रु १२००००० (बाह्र लाख) बजेटबाट चार वटा मोटर साइकल र एक वटा स्कुटर खरिद गर्ने निर्णय गरियो।

त्यसैगरि मेसिनरी औजार अन्तर्गत बिनियोजित रु २०००००० (बिस लाख) बजेटबाट रु १०००००० (दश लाख) को सबै वडा कार्यालयहरुको लागि सोलार खरिद गर्ने र बाँकी रु १०००००० (दश लाख) को गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको लागि आवश्यक कम्पुटर प्रिन्टर फोटोकपी ल्यापटप लगायत अन्य मेसिनरी औजार खरिद गर्ने निर्णय गरियो।

त्यसैगरि गाउँ कार्यपालिका तथा अन्तर्गतका विषयगत शाखाहरुमा फर्निचर तथा कार्यालय सामानको अभावको कारण सेवा प्रवाहमा कठिनाई आएकोले आवश्यक फर्निचर तथा कार्यालय सामान तुरन्त खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

आ व २०७४।७५ को RCIW को कार्यक्रममा अनतर्गत यस गाउँपालिकाको लागि पूँजिगत खर्चको ग्रामिण सडकमा विनियोजित रु २५५०००० (पचिस लाख पचास हजार मात्र) बजेटबाट चिनाली खार्वन ग्रामिन सडक ट्र्याक ओपनिङ्ग (५ कि मि) र जिविकोपार्जन तथा आयआर्जन बृद्धिका अन्य कृयाकलाप विनियोजित रु १०००००० (दश लाख) बजेटबाट हातीजुर पनेरी खोला कुलो मिर्माण (पक्की) गर्ने निर्णय गरियो।

त्यसैगरि आ व २०७५।७६ को लागि प्रस्तावित चालु तर्फ रु १२५०००० (बाह्र लाख पचास हजार) र पूँजिगत तर्फ ग्रामिण सडकमा रु ५००००० (पचास लाख) र आयआर्जन बृद्धिका कृयाकलापमा रु ७०००००० (सहत्तर लाख) गरी कुल जम्मा १३२५०००० (एक करोड बत्तीस लाख पचास हजार) बजेट अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

गाउँ कार्यपालिकाले खुला प्रतिस्पर्धा मार्फत कर्मचारी नियुक्ती गर्ने प्रयोजनका लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा कम्तीमा तीन सदस्य पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो।पदपूर्ति समितिका अन्य सदस्य तथा विशषज्ञ संयोजकले आवश्यकता बमोजिम तोक्ने छ ।